घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ५४औं बैठकको निर्णयहरु**

मिति २०८२।७।२५

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस घरपझोङ गाउँ कार्यपालिकाको मिति २०८२।०६।३० गते बसेको बैठकमा जम्मा १० वटा निर्णयहरु भएकोमा निर्णय नं.८ स्याङ धर्मशाला निर्माणको लागि भारतीय राजदुतावासमा सिफारिस गर्ने कार्य र निर्णय नं. १० सवारी साधनहरुको पार्किङको लागि उपयुक्त स्थान पहिचान गर्ने कार्य बाहेक अन्य सबै निर्णयहरु कार्यान्वयन भएकोले अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक भएको पाईयो ।

**प्रस्ताव नं. २ :-**

कृषि तथा पशुपालन उपज उत्पादन तथा यन्त्रिकरण सामाग्री अनुदान कार्यक्रम कार्यविधि, २०८२ तथा सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

**निर्णय नं. २ :-**

यस अघीको ५३औं गाउँ कार्यपालिकाको बैठकमा अध्ययनको लागि पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु उपर विस्तृत रुपमा छलफल गरियो र छलफलमा उठेका विषयवस्तुहरु र सर्वसम्मत रुपमा सहमतिमा आएका विषयवस्तुहरु समावेश गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

१) कृषि तथा पशुपालन उपज उत्पादन तथा यन्त्रिकरण र सामाग्री अनुदान कार्यक्रम कार्यविधि, २०८२

२) सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्ताव नं. ३ :-**

विभिन्न कोषहरु व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

गाउँपालिका अन्तर्गत रहेको विविध कोष खातामा रहेको रकमबाट तपसिल बमोजिमको दायित्व सिर्जना भएको एवम् भुक्तानी/फिर्ता गर्नु पर्ने तपसिल बमोजिको कोष/रकम हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

१) स्थानीय छात्रवृति कोष :- धौलागिरी प्राविधिक शिक्षालय, लेतेमा अध्ययरत यस गाउँपालिका भित्रका ५ जना विद्यार्थीहरुलाई रु.१,५०,०००।-

२) स्थानीय लैङ्गिक हिंसा निवारण कोष रु.१,३५,०००।-

३) साविक महिला तथा बालबालिका मन्त्रालय, सिंहदरवारलाई फिर्ता गर्नु पर्ने रकम रु.२,६४,०००।-

४) स्थानीय सामाजिक सुरक्षा कोष रु.१,००,०००।-

निर्णय प्रमाणित

०८२।०६।२८

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ४ :-**

विद्युत व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

यस गाउँ कार्यपालिकाको कार्यालय, ५ वटा वडा कार्यालयहरु, ४ वटा स्वास्थ्य संस्थाहरु, कर्मचारी आवास भवनहरुको बिजुली र गाउँपालिका क्षेत्रमा जडान गरिएका सडक बत्तीहरुलाई पटक पटक मर्मत गरिराख्नु पर्ने भएको हुँदा त्यस प्रकारका बिजुली बत्तीहरुको शुल्क लिई मर्मत र परामर्श कार्य उपलब्ध गराउन सकिने भनी निलगिरी उपभोक्ता सहकारी संस्था लिमिटेडले च.नं.४१ मिति २०८२।७।२५ को पत्रबाट जानकारी गराएको हुँदा यही २०८२ मंसिर १ गते देखि लागु हुने गरी २०८३ असार मसान्त सम्म माथि उल्लेख भएका कार्यालय तथा आवास भवनहरुमा जडान भएको बिजुलीबत्तीहरु र गाउँपालिका क्षेत्र भित्र जडान भएका सडक बत्तीहरुको मर्मत तथा परामर्श कार्य लिने र एकमुष्ठ रु.९०,०००।- (नब्बे हजार) सेवा परामर्श  खर्च शीर्षकबाट उपलब्ध गराउने गरी सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

नवप्रवर्तन साझेदारी परियोजना सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस गाउँपालिकाका बजार उन्मुख २ नं. वडा अन्तर्गत मार्फा, ३ नं. वडा अन्तर्गत पुथाङ र ४ नं. वडा अन्तर्गत जोमसोम लगायत ठिनी, ढुम्बा, स्याङ, छैरो, चिमाङ गाउँहरु समेत पर्यटन उन्मुख गाउँहरु रहेको हुँदा फोहर व्यवस्थापनमा समस्या देखिएकोले गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरा नेपालको नवप्रवर्तन साझेदारी परियोजना कार्यन्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी मिति २०८२।०६।२८ गते प्रकाशित सूचना अनुसार जोमसोम र मार्फा दुई स्थानमा रहने गरी दुई वटा व्यवस्थित/वैज्ञानिक **फोहर संकलन तथा व्यवस्थापन केन्द्र**को स्थापना गर्ने सम्बन्धी प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

व्यवस्थित रुपमा फोहर संकलन तथा व्यवस्थापन केन्द्रको भवन निर्माण, आवश्यक मेसिनहरु समेत व्यवस्थापन गर्नु पर्ने भएको हुँदा करिब कुल रकम रु.१,२०,००,०००।- को प्रस्ताव पेश गर्ने र कुल रकमको ३०% ले हुने रकम रु.३६,००,०००।- यस घरपझोङ गाउँपालिकाको सहभागिता रहने प्रतिबद्धता दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

च्याङग्रा जोन सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस घरपझोङ गाउँपालिकामा च्याङग्रा पालनको राम्रो सम्भावना भएकोले र कृषकको माग अनुसार च्याङग्रा जोनमा यस गाउँपालिकालाई समेटी कार्यक्रम ल्याउन र विस्तार गर्न राष्ट्रिय कृषि आधुनिकिरकण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई जोमसोम, मुस्ताङमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८२।०६।२८

प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ७ :-**

झोलुङ्गे पुल सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

स्थानीय पूर्वाधार विकास विभाग, झोलुङ्गे पुल शाखाको च.नं. झो.पु./१५२ मिति २०८२।६।२७ गतेको झोलुङ्गेपुल माग सम्बन्धी प्राप्त पत्रानुसार तपसिल बमोजिमका नयाँ झोलुङ्गे पुलहरुको लागत अनुमान स्वीकृतीको लागि र निर्मित झोलुङ्गे पुलको बृहत मर्मतको लागि माग गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | झोलुङ्गे पुलको विवरण | निर्माण हुने स्थान | कैफियत |
|---|---|---|---|
| | नयाँ प्रस्ताव झोलुङ्गे पुलहरु | | |
| १ | ढुम्बा खोला झोलुङ्गे पुल निर्माण | घरपझोङ गाउँपालिका-५, ढुम्बा खोला | |
| २ | मार्फा नारघ्यू झोलुङ्गे पुल निर्माण | घरपझोङ गाउँपालिका-२, मार्फा नारघ्यू | |
| ३ | जोमसोम कालीगण्डकी नदी झोलुङ्गे पुल निर्माण | घरपझोङ गाउँपालिका-४, जोमसोम | |
| | झोलुङ्गे पुल बृहत मर्मत | | |
| ४ | स्याङ कालीगण्डकी नदी झोलुङ्गे पुल बृहत मर्मत | घरपझोङ गाउँपालिका-३, स्याङ | |

**प्रस्ताव नं. ८ :-**

प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

चालु आ.ब.२०८२।८३को प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ प्राप्त बजेट र यस गाउँपालिकाबाट समपूरक गरिने रकमबाट यस गाउँपालिका अन्तर्गत ५ वटै वडाहरुमा प्रत्येक वडाबाट ५ जना बेरोजगारलाई नियमानुसार रोजगारी दिने गरी कार्यक्रम बनाई कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

गरिब परिवार सूचीकृत सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबो गरिब परिवार सूचीकृत पुस्तिका, मुस्ताङ, २०८१, साउनमा सूचीकृत १७ जना गरिब घरपरिवारका जिवित घरमुलीलाई गरिब परिवार परिचय-पत्र उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८२।०६।२८

प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १० :-**

कृषि उपज संकलन केन्द्रको मर्मत सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस गाउँपालिकाको स्वामित्वमा पुथाङमा रहेको कृषि उपज संकलन केन्द्र भवनलाई मर्मत गर्न अति आवश्यक देखिएको हुँदा प्राविधिकको लागत ईस्टिमेट अनुसार मर्मत गर्न लाग्ने रु.३४,४१४।९७ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट खर्च गर्ने गरी मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

स्याङ गाउँको सिंचाई कुलोको क्षति सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

यस गाउँपालिकाको ३ नं. वडा स्याङ गाउँको खेतको सिंचाई कुलोमा हालको मिति २०८२ असोजको भारी बर्षाका कारण क्षति पुगेको र तुरुन्तै मर्मत गर्नुपर्ने भई मर्मत गरिएको हुँदा खर्च रु.२४,०००।- गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।.

**प्रस्ताव नं. १२ :-**

साझेदारी कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

यस गाउँपालिका, २ नं. वडा मार्फाले स्थानीय जनता संग साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि गरेको सिफारिस पत्र उपर छलफल हुँदा मार्फा सडक बत्ती व्यवस्थापन कार्यक्रम सञ्चालन गर्नका लागि मार्फा गाउँको रु.१५,००,०००।- साझेदारी हुने र यस गाउँपालिकाको स्थानीय जनता संग साझेदारी कार्यक्रमबाट रु.१५,००,०००।- साझेदारी गर्ने गरी मार्फा सडक बत्ती कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

२ नं. वडाको CCTV Camera जडान र ई-रिक्सा सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

यस गाउँपालिका, २ नं. वडा मार्फाले CCTV Camera जडान र ई-रिक्सा उपलब्ध गराई दिने सम्बन्धी पत्रको सम्बन्धमा छलफल हुँदा चालु आ.ब.को गाउँपालिका भित्र CCTV जडान शिर्षक अन्तर्गतको बजेटबाट अन्य वडाहरुलाई समेत समेटी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै फोहरमैला व्यवस्थापनको लागि मार्फाले पेश गरेको अवधारणा पत्र बमोजिम अन्य वडाहरुले फोहरमैला व्यवस्थापनका सम्बन्धित वडाहरुले तुरुन्तै गाउँमा छलफल आयोजना गर्ने र छलफलको निर्णय प्राप्त भए पश्चात सोही अनुसार फोहर ढुवानीको लागि ई-रिक्सा सञ्चालन तथा खरिद गर्ने सम्बन्धी निर्णय लिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८२/०६/२८

प्रमुख प्रशासकीय अधिकृत

घरपफोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १४ :-**

जनहित मा.वि.को शौचालय मर्मत सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

जोमसोममा रहेको जनहित मा.वि.को शौचालय मर्मत सम्बन्धी पत्र उपर छलफल हुँदा अनुरोध भए अनुसार कार्यालयबाट विद्यालयमा स्थलगत निरिक्षण गरी आवश्कताको आधारमा अर्को बैठकमा निर्णयका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :-**

MIRAZ Institute For Vocational Education And Research को पत्रका सम्बन्धमा ।

**निर्णय नं. १५ :-**

MIRAZ Institute For Vocational Education And Research को पत्रको व्यहोरा जानकारी भयो । यस गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखाहरुबाट पत्रमा उल्लेख भएका तालिमहरु सञ्चालन गर्नका लागि माग प्राप्त भएमा समन्वय गरी सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :-**

छैरो छहरा गुम्बा मर्मत सम्बन्धमा ।

**निर्णय नं. १६ :-**

यस घरपफोङ गाउँपालिका १ नं. वडा छैरोमा अवस्थित पुरातात्विक महत्वको छैरो छहरा गुम्बा जिर्ण भई भत्किने अवस्थामा रहेको र यस बर्ष जाडोमा हिमपात भएको खण्डमा ठुलो क्षति पुग्ने सम्भावना रहेको हुँदा तत्काल मर्मत गर्नु पर्ने देखिएकोले चालु आ.ब. को आवश्यकतामा आधारित अन्य पूर्वाधार निर्माण शिर्षकबाट खर्च गर्ने गरी रु.१०,००,०००।- विनियोजन गर्ने र गुम्बा मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १७ :-**

ललितकला प्रतिष्ठानको प्रस्तावना सम्बन्धमा ।

**निर्णय नं. १७ :-**

यस घरपफोङ गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा सहयोग हुने गरी कालीगण्डकी नदीको ३ स्थानको ढुङ्गामा शालीग्रामको आकार दिने कार्य गर्नका लागि ललितकला प्रतिष्ठानले पेश गरेको लागत अनुमान अनुसारको रकम गाउँपालिकाको पर्यटन प्रवर्द्धनको कार्यक्रम तथा पर्यटन पूर्वाधार र अन्य (पूँजिगत) शिर्षकबाट खर्च लेख्ने गरी पेश भएको प्रस्ताव अनुसार कालीगण्डकी नदीका शीलामा शालीग्राम निमार्ण गर्नका लागि ललितकला प्रतिष्ठान सँग सम्झौता गर्ने र सम्झौता बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १८ :-**

कार्यक्रम कार्यान्वयन समिति (नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयन सम्बन्धी) सम्बन्धमा ।

निर्णय प्रमाणित
०८२।०६।२६
प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. १८ :-**

यस बैठकको निर्णय नं. ५ अनुसार प्रस्ताव गरिएको नवप्रवर्तन साझेदारी परियोजनाको कार्यान्वयनको लागि यस गाउँपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७९ को दफा नं.२१ बमोजिमको फोहरमैला व्यवस्थापन समितिलाई कार्यक्रम कार्यान्वयन समितिको कामकाज गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै कार्यक्रम कार्यान्वयनका लागि श्री सुजिता थकालीलाई सम्पर्क व्यक्ति तोक्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १९ :-**

विभिन्न प्रस्ताव तथा पत्रहरुका सम्बन्धमा ।

**निर्णय नं. १९ :-**

यस घरपझोङ गाउँपालिका पेश भएको छैरो आबिमा आवासीय सञ्चालनको लागि सम्बन्धन दिने प्रस्तावना, २०८२, टेका समूहको च.नं.TSN/082/prg/012 को पत्र, च्याप्चे भन्ने ठाउँमा रहेको गोठको सम्बन्धमा परेको उजुरीहरु, सङघीय मामिला तथा सामान्य प्रशासन मन्तालयको च.नं.९५ मिति २०८२ कार्तिक २१ गतेको पत्र र राष्ट्रिय लोक भजन संरक्षण प्रतिष्ठान, मुस्ताङको पत्रहरु पेश भई व्यहोरा बारे अवगत भयो । परिपत्रको सम्बन्धमा क्रमशः व्यवस्थापन गर्दै जाने र अन्य आर्थिक सहायता तथा कार्यक्रम माग सम्बन्धमा आवश्यकता तथा औचित्यको आधारमा आगामी दिनहरुमा कार्यान्वयन सम्बन्धी निर्णय लिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८२/०६/२४

प्रमुख प्रशासकीय अधिकृत